स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड १) बड्डाँडा प्यूठान ,असार २६ गते ,२०७५ साल (संख्या ९

**सरुमारानी गाउँ कार्यपालिकाले बनाएको तल उल्लेखित नियमावली स्थानीय सरकार सञ्चालन एन, २०७४ को दपफा १०२ को उप दफा ३ बमोजिम सवसाधारणको जानकारीको लागि सार्वजनिक गरिएको छ ।**

**सम्वत् २०७४ सालको नियम नं. ९**

# “विपन्न असहाय कोष व्यवस्थापन कार्यविधि २०७४”

## १. पृष्ठभूमि

यस सरुमारानी गाँउपालिका भित्र रहेका आर्थिक रुपले विपन्न, एकल महिला, जेष्ठ नागरिक,अनाथ बालबालिका, अशक्त, अपांगहरुलाई सहयोग गर्न विपन्न असहाय कोषको व्यवस्था गरिएको छ । यसै अनूरुप सरुमारानी गाँउपालिकाको प्रथम गाँउ सभाबाट पारित आ.व.२०७४।०७५ को वार्षिक वजेट निति तथा कार्यक्रम अन्तगत विपन्न असहायहरुलाई सहयोग प्रयोजनार्थ रु ४ लाख बजेट विनियोजन गरिएको छ । गाँउपालिका मा पूजिगत खर्च तर्फ गाँउपालिका स्तरमा विपन्न असआयहरु लाई गरिने सहयोग व्यवस्थापन गर्नका लागि विपन्न असहाय कोष व्यवस्थापन कार्यविधि २०७४ स्वीकृत गरिएको छ ।

## २. उद्देश्य ः

विपन्न असहाय कोष व्यवस्थापन कार्यविधि २०७४ को उद्देश्य निम्नानुसारका रहेका छन् ।

क) सरुमारानी गाँउपालिका भित्रका विपन्न असहाय व्यक्तिहरुलाई सहयोग गरी लोक कल्याणकारी राज्यको अनुभूती गराउनु ।

**३. संक्षिप्तनाम र प्रारम्भ ः**

क) यस कार्यविधिको नाम सरुमारानी गाँउपालिकाको विपन्न असहाय कोष कार्यविधि २०७४ रहनेछ ।

ख) यो कार्य विधि आर्थिक वर्ष २०७४।०७५ देखि नै लागू हुनेछ ।

**४. खर्चगर्ने विधि र प्रकृया ः**

यस सरुमारानीगाँउपालिकाभित्रकाविपन्नअसहायहरुकालागिविनियोजन रकमको खर्च गर्ने कार्यविधिनिम्नानुसारको हुनेछ ।

क) पूँजिगतखर्चतर्फको यस विनियोजित रकमवाट विपन्नअसहायको सहयोग कार्यकालागिगाँउकार्यपालिकाले निर्णय गरे वमोजिमखर्च गर्ने व्यवस्थामिलाउनु पर्नेछ ।

तर आकस्मिक रुपमा सहयोग गर्नुपर्नेमागाँउपालिकाको अध्यक्षको सल्लाहवमोजिमआर्थिक सहयोग उपलव्ध गराउन सकिने छ र त्यसको अनुमोदनकार्यपालिकाबाट गराउनु पर्नेछ ।

**५. लेखाव्यवस्थापनतथा लेखा परिक्षण**

क) गाँउपालिकामाविनियोजितविपन्नअसहायकोषको रकमगाँउकार्यपालिकाकार्यालय मार्फत निकासागरिनेछ ।

ख) निकासा रकमखर्च गर्ने प्रयोजनकालागिगाँउकार्यपालिकाको प्रमुखप्रशासकियअधिकृत र गाँउकार्यपालिकाको लेखाप्रमुखको संयुक्त दस्तखतवाट खाता संचालनहुने गरी आवश्यकव्यवस्थामिलाइनेछ ।

**६. अन्य ः**

क) यस कार्यविधिमाउल्लेख भएका कुराको हकमा यसै वमोजिमहुनेछ भने यसमाउल्लेख नभएको विषयहरुको हकमाप्रचलितऐन कानूननियमवमोजिमहुनेछ ।

**७. संसोधनतथा परिमार्जन सम्वन्धमा ः**

गाँउपालिकाविपन्नअसहायकोषलाई व्यवस्थितबनाउनआवश्यकताअनुसार गाँउकार्यपालिकावाट संसोधनतथा परिमार्जन गर्न सकिनेछ ।

**८. खारेजीतथाबचाउ ः**

यस कार्यविधिमाव्यवस्थाभएका कुराहरुको हकमा “स्थानीय तहको शासन सञ्चान सम्वन्धिआदेश २०७४” , “स्थानीय निकायआर्थिक प्रशासन सम्बन्धिनियमावली २०६४”को नियमतथाअन्यप्रचलितकानून संग वाझिएको हकमावाझिएको हदसम्मखारेजीहुनेछ ।

**आज्ञाले,**

**शारदा रजौरे**

**कार्यकारीअधिकृत**

**प्रमाणीकरण मिति ः** २०७४।१०।१५